जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ३६, २०८२ चैत २६ गते विहीबार, 9Apr 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

जिल्ला दररेट अनुसार मजदुरको छैन ज्याला



○सहीखबर संवाददाता

मकवानपुर । सेल सेल सेल, ६ सयमा न्यायो सर्ट, ५ सयमा सिर कको खोल । भत्किएको जोखिमपूर्ण संरचनाको आडैमा उभिएर सविना चिच्याइरहेकी छिन् । उनको वरपर उपभोक्ताको बाक्लो भीड छ ।

यसियन हाइवेको मापदण्ड अनुसार सडक विस्तार गर्ने योजनाको साथ सडक आसपासको संरचना भत्काइएपछि अहिले हेटौंडा बजार अस्तव्यस्त भएको छ । त्यहि भत्किएको संरचनाको आडैमा बसेर दिनभरी सामान बेच्छिन् हेटौंडाकी १९ सविना अधिकारी ।

दिनभरी सेलमा उभिएर कराउँदै व्यापार गरिदिए वापत साँझ उनलाई पसल धनीले ६०० रूपैयाँ दिन्छन् । स्नातक तहमा अध्ययनरत सविनालाई क्याम्पसको शुल्क तिर्नको लागि यो काम अनिवार्य छ । मंसिर २० गते शनिबार हेटौंडाको सडक विस्तार गर्ने क्रममा सडक सिमामा रहेको संरचना भत्केपछिको पछिल्लो ३ महिनादेखि उनी यही काम गर्दै आएकी छिन् । यसअघि उनी हेटौंडाकै अर्को किराना पसलमा काम गर्थिन । जहाँ काम गरेको प्रतिदिन ७०० रूपैयाँ थियो । आफूले काम गर्दै आएको किराना पसल भत्किएसँगै उनको रोजगारी पनि सकियो ।

कामको खोजि गर्दैगर्दा उनले कपडा व्यापारीको पसलमा कराउँदै कपडा विक्री गर्ने जिम्मेवारी पाइन् । विहानको समयमा हुने क्याम्पसको ३ वटा कक्षा छोडेरै उनी यो काममा आइपुग्छिन् ।

"९ बजे यहाँ आइसक्नुपर्छ, त्यसैले पछिल्लो ३ वटा विषय पढ्न छोडेर आउँछु" उनले भनिन् "काम गरेको दिनमा मात्रै पैसा आउँछ, समयमै आउने पर्छ, साँझ अध्यारो हुँदासम्म यही काममा खट्छु ।"

दैनिक ६०० रूपैयाँको दरले पाउने ज्याला सविनालाई जस्तै सबैलाई समान भने छैन । उनीसँगै काम गर्ने ३८ वर्षिय कमल लामाको जिम्मेवारी पनि अहिले त्यही हो, तर उनले पाउने पैसा सविनाको भन्दा १२० रूपैयाँले बढी छ । अर्थात कमलले ७२० रूपैयाँ प्रतिदिन पाउँछन् ।

"काम त उही हो, म पुरानो भएकोले मैले यति नै पाउँदै आएको छु" कमलले भने । कमलले विगत ३ वर्षदेखि यहि कपडा पसलमा काम गर्दै आएका थिए । अहिले पसल भत्किएपछि उनी पनि सोही व्यापारीको खुला पसलमा चिच्याएर कपडा विक्रीको काम गर्छन ।

सविनाकै सहपाठी जेनिशा पनि व्यापारको काममा सक्रिय छिन् । व्याग पसलमा सेल व्यापारमा चिच्याएरै दिन बित्छ जेनिशाको पनि । जेनिशाले दैनिक ६३५ रूपैयाँ पाउँछिन् । "घरमा बसेर आम्दानी हुदैन, सिक्ने अवसर पनि हो" जेनिशाले भनिन् "बराबरी पैसाको कुरा गर्यो भने पाएको काम पनि छुट्ला भन्ने डर छ ।" साहुले थाहा पाउने गरी उनीहरू यति जानकारी दिन पनि डराउँछन् ।

स्नातक पढ्दै गरेका उनीहरू आफ्नो व्यक्तिगत खर्चको लागि र शैक्षिक शुल्कको लागि असमान पारिश्रमिक भए पनि काम चुपचाप गर्न बाध्य छन् । दैनिक ज्यालादारी काम भएकोले बिरामी हुँदा काममा हाजिर छुट्छ । काममा नगएको दिन पैसा पाइदैन । काममा आउँदाको

बाँकी पेज ५ मा

सुरक्षामा चरम चुनौती

इन्साइड ---- स्टोरी

'मलाई बोल्न दे सरकार'

विचार



रचना रायमाझी

महिलाको चरित्रमाथि प्रहार केवल व्यक्तिगत असहमति वा आक्रोशको परिणाम होइन, यो हाम्रो सामाजिक मूल्य, पितृसत्तात्मक संरचना र व्यवहारको प्रतिविम्ब हो ।

पेज २ मा

मध्यपुर्व युद्ध ३ साताको लागि स्थागित



पेज ४ मा

७ महिनापछि बस्यो प्रदेश सभा बैठक

पेज ६ मा

मकवानपुरगढी ३ नम्बर वडा कार्यालयको सूचना

सवारी दुर्घटनाबाट बचौं र बचाऔं, ट्राफिक नियमको पालना गरौं

१. हतार गरेर सवारी साधन नचलाउ र हतारमा सडक पार समेत नगरौं ।

२. सवारी साधन चलाउदा मोबाईल फोनको प्रयोग नगरौं । ३. जथाभावि र गलत दिशाबाट ओभर्टेक नगरौं र बाटो नकाटौं ।

४. बाटोको अवस्था अनुसार गति निर्धारण गरौ । ५. सवारी साधन सुरक्षित चलाउ किनकी घरमा परिवार कुरेर बसिरहेका छन् ।

६. ओभर स्पिड र ओभरटेकमा ध्यान दिऔं ।

७. मादक पदार्थ सेवान तथा लागु पदार्थ सेवन गरेर सवारी नचलाऔं ।

३ नम्बर वडा कार्यालय,

मकवानपुरगढी गाउँपालिका, मकवानपुर ।

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय


एसईईपछि

एसईई परीक्षा सम्पन्न भएसँगै विद्यार्थी जीवनको एउटा महत्वपूर्ण मोड पार हुन्छ,सँगै नयाँ जीवनको यात्रा पनि सुरू हुन्छ । लामो समयको अध्ययन, तयारी र तनावपछि प्राप्त हुने यो अवकाश धेरैका लागि राहतको क्षण हो । तर, यही समयलाई कसरी उपयोग गर्ने भन्ने प्रश्न अत्यन्तै महत्वपूर्ण हुन्छ । उचित मार्गदर्शनको अभावमा यो बहुमूल्य समय अनावश्यक मनोरञ्जन, डिजिटल लत वा निष्क्रियतामा बित्ने जोखिम पनि उत्तिकै रहन्छ । परीक्षा सकिएपछि विश्राम आवश्यक अवश्य हो, तर विश्राम मात्र पर्याप्त होइन । यो समय आत्मविकासको सुनौलो अवसरका रुपमा लिन सकिन्छ । विद्यार्थीहरुले नयाँ सीप सिक्नेः जस्तै कम्प्युटर ज्ञान, ग्राफिक्स डिजाइन, प्रोग्रामिङ, भाषा सीप जस्ता क्षेत्रमा हात हाल्न सक्छन् । यस्ता सीपले भविष्यको अध्ययन र रोजगारी दुवैमा सहयोग पुर्‍याउँछन् । साथै, साहित्यिक कृति, जीवनी, वा प्रेरणादायी पुस्तकहरु पढ्ने बानी बसाल्दा बौद्धिक विकासमा थप टेवा पुग्छ ।

त्यसैगरी, सामाजिक कार्यमा संलग्न हुनु, स्वयंसेवा गर्नु वा विभिन्न तालिम तथा कार्यशालामा भाग लिनु पनि उपयोगी हुन्छ । यस्ता गतिविधिले केवल सीप मात्र होइन, जिम्मेवारीबोध, नेतृत्व क्षमता र सामाजिक चेतना पनि विकास गर्छ । यही समय आफ्ना रूचि, क्षमता र लक्ष्यबारे गम्भीर रुपमा सोच्ने अवसर पनि हो, जसले भविष्यको विषय छनोट र करियर मार्ग निर्धारणमा स्पष्टता दिन सक्छ । अभिभावक र विद्यालयको भूमिका पनि यहाँ महत्वपूर्ण हुन्छ । उनीहरुले विद्यार्थीलाई सही दिशा दिन, प्रेरित गर्न र सकारात्मक गतिविधिमा जोड्न आवश्यक छ । अन्यथा, दिशाहीन समयले नकारात्मक प्रभाव पार्ने सम्भावना रहन्छ ।

यसैले, एसईईपछि प्राप्त समय केवल मनोरञ्जन र स्वतान्त्राको रूपमा मनाउने पलमात्रै हैन । भविष्य निर्माणको आधार तयार गर्ने महत्वपूर्ण चरण हो । यस समयलाई योजनाबद्ध र सिर्जनात्मक रुपमा उपयोग गर्न सके विद्यार्थी जीवन अझ सशक्त, उद्देश्यपूर्ण र सफल बन्न सक्छ, अभिभाव र विद्यार्थीले समयमा बिचार गरौं।

‘मलाई बोल्न दे सरकार’



✍रचना रायमाझी

वालेन्द्र शाहले करिब एक वर्षअघि गाएको गीतका हरफ हुन् यी ‘मलाई बोल्न दे सरकार, अपराध होइन, मन खोल्न दे दरबार ।’ यो अभिव्यक्तिले स्वतन्त्रताको भावलाई सशक्त रुपमा प्रस्तुत गर्छ । अहिले यही गीतका रचनाकार र गायकसमेत रहेका उनै शाह नेपालका प्रधानमन्त्री छन् ।

कुनै पनि लोकतान्त्रिक समाजमा आफ्नो विचार, भावना र अनुभव व्यक्त गर्नु मौलिक अधिकार हो । तर विडम्बना ! आजको हाम्रो समाजमा आवाज उठाउनु जोखिमपूर्ण बन्दै गएको छ । विशेष गरी डिजिटल युगले सामाजिक सञ्जालमा आवाज उठाउने स्थान र माध्यम दिएको छ तर त्यही प्लेटफर्म पछिल्लो समय हिंसा, घृणा र धम्कीको बेजोड अखडा पनि बन्दै गएको छ ।

खासगरी सामाजिक संजालमा महिलाहरुले विचार राखेकै कारण असाध्यै अमर्यादित र अपमानजनक व्यवहारको सामना गर्नुपरेको छ । आफूलाई चित्त नबुझेका कुरा प्रस्टसँग राख्ने अधिकार अभिव्यक्ति स्वतन्त्रता सबैलाई बराबर छ । विचारमा असहमति भए बहस गर्ने माध्यम छन् । तर यहाँ छलफल र बहसभन्दा विपरीत व्यक्तिगत जीवन, चरित्रहत्या, अश्लील गालीगलौज र बलात्कारसम्मका धम्की दिने प्रवृत्ति स्थापित बन्दै छ ।

नेपालमा सामाजिक सञ्जालमार्फत हुने साइबर हिंसाको समस्या पछिल्ला वर्षमा तीव्र रुपमा बढ्दै गएको देखिन्छ । नेपाल साइबर ब्युरोका अनुसार आर्थिक वर्ष २०७९/८० मा देशभर १९ हजार ६ सय ३० साइबर अपराधका केस दर्ता भएका थिए, जसमध्ये ८ हजार ७ सय ४५ उजुरी महिलाले दिएका थिए । यो कुल उजुरीको करिब ४४ प्रतिशत हो, जसले महिलाहरु साइबर हिंसाबाट गम्भीर रुपमा प्रभावित भइरहेको स्पष्ट संकेत गर्छ ।

अघिल्लो वर्षको तथ्यांकसँग तुलना गर्दा अवस्था अझ चिन्ताजनक देखिन्छ । आर्थिक वर्ष २०७८/७९ मा ४ हजार ५ सय ९० महिलाले उजुरी दिएका थिए भने २०७९/८० मा यो संख्या बढेर ८ हजार ७ सय ४५ पुगेको छ । यसले एक वर्षमै झण्डै दोब्बर अर्थात् ९० प्रतिशतभन्दा बढी वृद्धि भएको देखाउँछ ।

हालका वर्षहरुमा पनि यो प्रवृत्ति कायम छ । आर्थिक वर्ष २०८०/८१ मा करिब ९ हजार महिलाले उजुरी दिएका थिए भने २०८१/८२ मा पनि करिब ८ हजार ४० उजुरी दर्ता भएका छन् । यी तथ्यांकले दुई महत्त्वपूर्ण सन्देश दिन्छन् । एकातिर महिलाहरु अब बिस्तारै आफ्नो अधिकारका लागि आवाज उठाउन थालेका छन् भने अर्कोतर्फ साइबर हिंसाको समस्या अझै गम्भीर र बढ्दो अवस्थामा छ ।

सामाजिक दुर्व्यवहार

एमाले अध्यक्ष केपी शर्मा ओलीको गिरफ्तारीपछि उनको रिहाइको पक्षमा सडकमा आवाज उठाएकै कारण अमिसा पराजुलीमाथि तीव्र साइबर बुलिङ सुरू भयो । सामाजिक सञ्जालमा उनीमाथि गालीगलौज मात्र होइन, चरित्रहत्या गर्ने नियोजित प्रयाससमेत देखिएको छ । आफ्ना विचार राखेकै कारण यसरी निसाना बनाइनु अभिव्यक्ति स्वतन्त्रतामाथिको गम्भीर प्रहार हो । अन्ततः निरन्तर मानसिक दबाब र अपमान सहन नसकेपछि उनी कानुनी उपचारका लागि साइबर ब्युरो पुग्न बाध्य भइन् । यो घटना केवल एक व्यक्तिको कथा होइन, आवाज उठाउनेलाई दबाउने खतरनाक प्रवृत्तिको स्पष्ट संकेत हो ।

केही समयअघि गायिका समिक्षा अधिकारी, एलिना चौहान, अभिनेत्री ऋचा शर्मा लगायतका धेरैजसो लाइमलाइटमै आउने महिलाहरु गालीगलौज, चरित्रहत्या र सामाजिक सञ्जालमार्फत हुने हिंसाको सिकार बने । उनीहरुले सार्वजनिक रुपमा आफ्ना पीडकहरुको नाम र सामाजिक सञ्जालका लिंकहरुसमेत सेयर गरेर प्रतिकार गर्नुपर्ने अवस्था सिर्जना भयो, जुन आफैंमा गम्भीर संकेत हो । पीडितले नै आफ्नो सुरक्षा र न्यायका लागि लड्नुपर्ने अवस्था आयो ।

रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाहले जितेमा ‘कान काट्छु’ भन्ने अभिव्यक्तिलाई लिएर ‘किन कान नकाटेको ?’ भन्दै रेनुका बरालमाथि चरम मानसिक दबाब सिर्जना गरियो । यो केवल आलोचना वा असहमतिको विषय थिएन’ उनीहरुलाई मानसिक रुपमा कमजोर पार्ने उद्देश्यले निरन्तरको गालीगलौज, अपमान र धम्की थियो । यस्तो व्यवहारले देखाउँछ कि हाम्रो समाजमा महिलाले बोलेका हरेक शब्दलाई कसरी तोडमोड गरी उनीहरुमाथि नै प्रहार गरिन्छ ।

किन महिलाको चरित्रमाथि नै पहिलो प्रहार हुन्छ ?

सामाजिक सञ्जालमा महिलाहरुले आफ्नो विचार राख्दा वा अधिकार माग्दा अक्सर चरित्रमाथि पहिलो प्रहार हुने गरेको देखिन्छ । यस प्रवृत्तिको जरो हाम्रो समाजको सोच र संरचनामा शदियौंदेखि जरा गाडेर बसेको छ । महिलाको चरित्रमाथि प्रहार केवल व्यक्तिगत असहमति वा आक्रोशको परिणाम होइन, यो हाम्रो सामाजिक मूल्य, पितृसत्तात्मक संरचना र व्यवहारको प्रतिविम्ब हो ।

सबैभन्दा पहिलो कारण पितृसत्तात्मक मानसिकता हो । परम्परागत नेपाली समाजमा महिलालाई ‘मर्यादा’, ‘इज्जत’ र ‘शालीनता’सँग जोडेर हेरिन्छ । जब कुनै महिला आफ्नो विचार खुला रुपमा राख्छिन्, स्थापित मान्यतालाई चुनौती दिन्छिन् वा आलोचना गर्छिन्, तब समाजका केही व्यक्ति वा समूह उनलाई चुप गराउने प्रयासमा उसको चरित्रमाथि प्रहार गर्छन् । अहिले देखिएको खासमा यही हो ।

दोस्रो कारण महिलाको स्वतन्त्र आवाजप्रति असहजता हो । धेरैले महिलाले खुलेर बोल्नु, आफ्नो अधिकार माग्नु वा असहमति व्यक्त गर्नु स्वीकार्य हुँदैन भन्ने सोच राखेका हुन्छन् । असहमत हुँदा बहस वा स्वस्थ संवादको सट्टा, उनीहरुले व्यक्तिगत आचरणप्रति अपमानजनक टिप्पणी रोज्छन् । यसले महिलामा डर र मानसिक दबाब सिर्जना गर्छ र अन्य महिलालाई पनि मौन बनाउने काम गर्छ ।

तेस्रो कारण सामाजिक संजालको सहजता र दण्डहीनता हो । सामाजिक सञ्जालमा फेक आईडी (नकली पहिचान) बनाउने र कमजोर कानुनी कारबाहीका कारण मानिसहरु सजिलै अपमानजनक शब्द प्रयोग गर्न हौसिन्छन् । महिलामाथि गरिएको आक्रमणको तत्काल परिणाम र दोषी कारबाहीको दायरामा आएको नदेख्दा अपराधीहरुमा नकारात्मक प्रवृत्ति बलियो हुन्छ । यही कारणले सामाजिक संजालमा महिलाको चरित्रमाथि हुने हिंसाहरु बढिरहेका छन् ।

चौथो कारण सामाजिक संस्कारको कमी हो । परिवार, विद्यालय र समुदायमा असहमति हुँदा पनि सभ्य बहस गर्ने र सम्मानजनक संवाद गर्ने संस्कार पर्याप्त विकसित छैन । आलोचना व्यक्त गर्दा तुरून्तै व्यक्तिगत चरित्र र अपमानमा परिणत हुने प्रवृत्ति अझ बढ्छ । यसले महिलाहरुको स्वतन्त्रता र खुला आवाजलाई दबाउने काम गर्छ । यसरी, महिलाको चरित्रमाथि प्रहार गर्नु केवल व्यक्तिगत आक्रोश होइन, त्यो गहिरो सामाजिक सोचको प्रतिविम्ब हो । यसलाई बदल्न कानुनी कारबाहीसँगै सोच, संस्कार र व्यवहारमा परिवर्तन ल्याउनु अनिवार्य छ ।

समाजमा पर्ने असर : हिंसाविरूद्ध आवाज उठाउन धेरै ठूलो साहस जुटाउनु पर्छ महिलाहरुले । पीडितलाई उल्टै दबाउने व्यवहारले पीडितलाई मात्र होइन, सम्भावित आवाज उठाउने अरु धेरैलाई चुप बस्न बाध्य बनाउँछ । जब कुनै महिला सामाजिक सञ्जालमा आफ्नो विचार राख्दा अपमानित हुन्छिन्, धम्की पाउँछिन् वा मानसिक रुपमा त्रसित बनाइन्छिन्, तब अरु महिलाहरुले पनि ‘बोल्दा यस्तै हुन्छ’ भन्ने डरले आफ्नो आवाज दबाउन थाल्छन् । महिलाहरुले आफ्नो विचार राख्दा, अनुभव बाँड्दा वा कुनै विषयमा आवाज उठाउँदा उनीहरुलाई लक्षित गरेर गरिने व्यक्तिगत आक्रमण, चरित्र हत्या, अश्लील टिप्पणी र यौन हिंसासम्बन्धी धम्की सामान्य जस्तै हुन थालेका छन् । यसले महिलालाई मात्र होइन, समग्र समाजलाई नै अस्वस्थ बनाइरहेको छ । यसले गर्दा वास्तविक अन्याय, हिंसा वा भेदभाव भोगिरहेका महिलाहरुले पनि सार्वजनिक रुपमा आफ्नो कुरा राख्न सक्दैनन् । परिणामतः अन्याय लुकेको लुक्यै रहन्छ, अपराधीहरु झन् साहसी बन्छन् र न्याय प्रणाली कमजोर देखिन थाल्छ ।

कसरी न्यूनीकरण गर्ने ? : सामाजिक सञ्जालमा हुने हिंसा केवल व्यक्तिगत समस्या मात्र होइन । यसले हाम्रो समाजको नैतिक संरचना र लोकतान्त्रिक मूल्यलाई गहिरो रुपमा असर गर्छ । जब घृणा र हिंसा सामान्य जस्तो देखिन थाल्छ, तब सहिष्णुता, सम्मान र संवादको संस्कार

बाँकी पेज ३ मा

बेचविखन विरुद्ध लागौं,लैङ्गिक हिंसाविरुद्ध सचेत बनौं,

शारीरिक हिंसा: ☞ कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घरबाट निकाला गर्ने,

मानसिक हिंसा: ☞ गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

यौनजन्य हिंसा: ☞ यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहब्यापारमा लगाउने,

यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटना बिरुद्ध सचेत होऔं । बेचबिखन विरूद्ध एकजुट होऔं, बेचबिखन संभावितलाई समयमै सचेत बनाउन आ आफ्नो स्थानबाट लागिपरौं ।

साथै नयाँ वर्ष २०८३ को पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ।

माया तामाङ (प्रमुख) एवम्

माइती नेपाल मकवानपुर, हेटौंडा

मानव अधिकारको सम्मान गरौं

- मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ, मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं, सबैको मानव अधिकारको सम्मान गरौं ।

साथै नयाँ वर्ष २०८३ को पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।

कुमारी वाइबा (प्रमुख) एवम्

हिमराइट्स मकवानपुर, हेटौंडा

सवारी दुर्घटनाबाट बचौं र बचाऔं, ट्राफिक नियमको पालना गरौं

१. हतार गरेर सवारी साधन नचलाउ र हतारमा सडक पार समेत नगरौं ।
२. सवारी साधन चलाउदा मोबाईल फोनको प्रयोग नगरौं ।
३. जथाभावि र गलत दिशाबाट ओर्भटेक नगरौं र बाटो नकाटौं ।
४. बाटोको अवस्था अनुसार गति निर्धारण गरौ ।
५. सवारी साधन सुरक्षित चलाउ किनकी घरमा परिवार कुरेर बसिरहेका छन् ।
६. ओभर स्पिड र ओभरटेकमा ध्यान दिऔं ।
७. मादक पदार्थ सेवान तथा लागु पदार्थ सेवन गरेर सवारी नचलाऔं ।

१९ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

'मलाई बोल्न दे सरकार'..

कमजोर बन्न सुरू हुन्छ । नयाँ पुस्ताले पनि यही व्यवहार सिक्ने खतरा हुन्छ । जसले दीर्घकालीन रुपमा समाजलाई अझ असहिष्णु र हिंस्रक बनाउँछ । अभिव्यक्ति स्वतन्त्रताको नाममा अरुको चरित्र र अस्तित्वमाथि आक्रमण गर्नु स्वतन्त्रता होइन, यसको दुरूपयोग हो भन्ने बुझाइ आवश्यक छ । यस समस्याको समाधानका लागि सरकारी र सामाजिक दुवै तहमा गम्भीर पहल आवश्यक छ । सर कारले साइबर अपराधसम्बन्धी कानुनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ । सामाजिक सञ्जालमा हुने गालीगलौज, धम्की र यौन हिंसासम्बन्धी अभिव्यक्तिलाई गम्भीर अपराधको रुपमा लिई दोषीलाई कारबाही गर्नुपर्छ । पीडितहरुले सहज रुपमा उजुरी दिन सक्ने, गोपनीयता सुरक्षित हुने र छिटो न्याय पाउने व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

सामाजिक स्तरमा पनि परिवर्तन अपरिहार्य छ । परिवार, विद्यालय र समुदायमा सम्मानजनक संवाद, लैंगिक समानता र डिजिटल शिष्टाचारको शिक्षा दिनुपर्छ । असहमत हुँदा पनि सभ्य तरिकाले बहस गर्ने संस्कार विकास गर्न जरूरी छ । 'अर्काको विचार सँग असहमत हुन सकिन्छ, तर उसलाई अपमान गर्न पाइँदैन' भन्ने चेतना दिन सक्नुपर्छ । असहमति विचारसँग हुन सक्छ, व्यक्तिमाथि होइन । मिडिया र समाजका जान्नेसुन्ने अग्रज व्यक्तिहरुको भूमिका पनि महत्त्वपूर्ण छ । उनीहरुले जिम्मेवार सामग्री उत्पादन गर्ने, सकारात्मक सन्देश प्रवाह गर्ने र घृणात्मक व्यवहारको खुलेर विरोध गर्ने काम गर्नुपर्छ । जब समाजका अगुवाहरुले गलतलाई गलत भनेर विनाउँछन्, त्यसले व्यापक जनमानसमा सकारात्मक प्रभाव पार्छ ।

परिवार र समाजको जिम्मेवारी : सामाजिक सञ्जालमा हिंसा, धम्की र अपमानजनक अभिव्यक्तिले हाम्रो समाजमा मात्र व्यक्तिगत समस्या होइन, समग्र जीवनशैली र संस्कारलाई असर गर्छ । विशेष गरी महिलाहरुले आफ्नो आवाज उठाउँदा हुने मानसिक र सामाजिक हिंसा घरपरिवार र समाजको भूमिका अझ महत्वपूर्ण बनाउँछ । यदि घरपरिवार र समाजले सही संस्कार र मूल्यहरु विकास गर्न सकेनन् भने डिजिटलमात्रै होइन, वास्तविक जीवनमा पनि हिंसाका घटना दोहोरिरहनेछ ।

यसमा घरपरिवारको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । बच्चा र युवा पुस्ताले व्यवहार र संस्कार र जीवनशैली सिक्ने पहिलो पाठशाला घर हो । घरले सहानुभूति र सम्मान सिकाउन सक्नुपर्छ । सबैका सोच, विचार र भावना फरक हुन्छन् । अरुको विचारमा असहमति हुँदा सभ्य तरिकाले आफ्नो कुरा राख्न प्रोत्साहित गर्नुपर्छ ।

उदाहरणका लागि परिवारमा बच्चाले आफ्नो दृष्टिकोण राख्दा अभद्र प्रतिक्रिया नदिनु र उसको विचार सुन्नु नै सकारात्मक संस्कार हो । अर्कोतर्फ घरभित्रकै सदस्य यस्ता सामाजिक हिंसा झेलिरहेको छ भने परिवारले हिंसाको सिकार भएको सदस्यलाई सुरक्षित वातावरणमा आफ्नो कुरा व्यक्त गर्न सहज वातावरण बनाई दिनुपर्छ । समाजको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । विद्यालय, समुदाय र मिडियाले सकारात्मक संस्कार र जिम्मेवार व्यवहार प्रवर्द्धन गर्नुपर्छ । समाजले समानता, न्याय र बहसको स्वस्थ वातावरण विकास गर्नुपर्छ । शिक्षक, स्थानीय नेता, पत्रकार र सामाजिक प्रभावशाली व्यक्तिहरुले जिम्मेवार अभिव्यक्ति र सम्मानजनक व्यवहारको उदाहरण प्रस्तुत गर्नु आवश्यक छ । जब बच्चा र युवा पुस्ताले घर र समुदायमा सहिष्णुता र सम्मानको संस्कार सिक्छन्, तब सामाजिक सञ्जालमा हुने हिंसा र मानसिक दबाबलाई लामो समयसम्म कम गर्न सकिन्छ । यसको प्रत्यक्ष प्रभाव समाजमा न्याय, समानता र सहकार्यको वातावरण निर्माणमा देखिन्छ । मुख्य बुझ्नुपर्ने र बुझाउनुपर्ने कुरा के छ भने सामाजिक सञ्जाल केवल विज्ञान र प्रविधि होइन, यो हाम्रो सोच, व्यवहार र संस्कारको प्रतिविम्ब हो । यदि हामीले घर परिवार र समाजबाट सही संस्कार विकास गर्ने काम गर्न सकेनौं भने अभिव्यक्ति स्वतन्त्रताको दुरूपयोगको चक्र सधैं दोहोरिरहन्छ ।

प्रत्येक व्यक्तिले आफ्नो जिम्मेवारी बुझ्नुपर्छ । मैले गरेको नकारात्मक कमेन्ट, पोस्ट र प्रतिक्रिया कसैको जीवनमा तूलो अभिशाप बन्न सक्छन् भन्ने कुरामा संवेदनशील बन्नुपर्छ ।सहानुभूति, सम्मान र संयमता अपनाउन सके मात्र सामाजिक सञ्जाल स्वस्थ बहसको प्लेटफर्म बन्न सक्छ । वालेन्द्र शाहले गीतमार्फत व्यक्त गरेको 'मन खोल्ने' चाहना हरेक नागरिकको अधिकार हो । तर यो अधिकार सुरक्षित रहोस् भनेर राज्य, समाज र व्यक्तिको संयुक्त प्रयास आवश्यक छ । त्यसका लागि आजै ठोस कदम चाल्न सकिएन भने भोलि अन्यायमा परेका आवाजहरु सधैंका लागि मौन हुन सक्छन् । त्यो मौनता कुनै एक व्यक्तिको होइन, समाजकै आवाज मौन हुनेछ अनि समग्र समाजको हार । त्यसैले सभ्य सुसंस्कृत समाज निर्माणका लागि सबैले एकसाथ आवाज उठाउनुपर्छ । अब सबै महिलाले एकै स्वरमा भन्नुपर्छ' 'मलाई बोल्न दे सरकार, अपराध होइन' मन खोल्न दे दर बार ।'

उकान्तिपुरबाट

मध्यपुर्व युद्ध २ साताको लागि स्थागित



○ सहीखबर संवाददाता

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि गर्ने भनिएको हातक आक्रमणलाई दुई हप्ताका लागि स्थगित गर्न सहमति जनाएका छन्। उनले यसअघि इरानलाई धम्की दिँदै 'बुधबार राति पूरै सभ्यता नष्ट हुनेछ' भन्ने चेतावनी दिएका थिए।

पाकिस्तानी मध्यस्थतापछि ट्रम्प पछाडि हटेका हुन्। आफैले दिएको समयसीमा सकिनुअघि ट्रम्पले आफ्नो प्लेटफर्म ट्रुथ सोसलमार्फत निर्णय परिवर्तन गरेको घोषणा गरेका थिए।

उनले यो समझदारी गराउन पाकिस्तानले मध्यस्थता गरेको श्रेय पनि दिएका छन्। पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफ र फिल्ड मार्शल आसिम मुनीरसँग भएका कुराकानीका आधारमा आफूले योजना रोकेको ट्रम्पको भनाइ छ।

इरान हर्मुज क्षेत्र खोल्न तयार भएपछि आफूले पनि सहमति जनाएको उनको भनाइ छ। 'पाकिस्तान प्रधानमन्त्री शहबाज शरीफ र फिल्ड मार्शल आसिम मुनीरसँग भएका कुराकानीका आधारमा म इरानमाथिको आक्रमण र सैन्य कारबाहीलाई दुई हप्ताका लागि स्थगित गर्न सहमत छु,' ट्रम्पले वक्तव्यमा भनेका छन्, "उनीहरुले आज राति इरानतर्फ पठाइँदै गरेको विनाशकारी शक्ति रोक्न आग्रह गरेका थिए, इस्लामिक गणतन्त्र इरानले होर्मुज जलडमरुलाई पूर्ण, तुरून्त र सुरक्षित रुपमा खोल्न सहमति जनाउने सर्तमा।"

ट्रम्पको यस्तो वक्तव्य आएको केही समयमै इरानका विदेशमन्त्री अब्बास अराघचीले पनि अस्थायी सहमति भएको पुष्टि गरेका छन्। 'यदि इरानमाथि आक्रमण रोकिए भने हाम्रा शक्तिशाली सशस्त्र बलहरुले आफ्ना रक्षात्मक कारबाहीहरु पनि रोक्नेछन्,' अराघचीले लेखेका छन्, 'आगामी दुई हप्तासम्म इरानको सेनासँग समन्वय गरेर होर्मुज जलडमरुमार्फत आवागमन सम्भव हुनेछ।'

ट्रम्पले आफ्नो ट्रुथ सोसलमा अराघचीको उक्त वक्तव्य पनि साझा गरेका छन्। अराघचीले उक्त वक्तव्यमा क्षेत्रीय युद्ध अन्त्य गर्न पाकिस्तान र यसको नेतृत्वले गरेको अथक प्रयासप्रति 'आभार र प्रशंसा' व्यक्त गरेका छन्।

यस्तै, पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले इरान र अमेरिकाबीच युद्धविराम सम्झौता भएको उल्लेख गरेका छन्। साथै यो सहमति 'लेबनान र अन्य क्षेत्रहरु'मा पनि लागू हुने र तुरून्त प्रभावमा आएको बताएका छन्।

'म यस बुद्धिमत्तापूर्ण कदमको हार्दिक स्वागत गर्दछु, दुबै देशका नेतृत्वप्रति गहिरो कृतज्ञता व्यक्त गर्दछु,' शरीफले भनेका छन्, 'सबै विवादहरुको अन्तिम समाधानका लागि थप वार्ता गर्न उनीहरुका प्रतिनिधिमण्डललाई १० अप्रिल २०२६ शुक्रबार इस्लामाबाद आउन निमन्त्रणा गर्दछु।'

शुल्कको बोझ पहिले नै असह्य

○ सहीखबर संवाददाता

निजी विद्यालयले तोकिएभन्दा बढी शुल्क लिने गरेको भन्दै सरकारी निकायहरुमा उजुरी पर्न थालेको छ । स्थानीय तहदेखि शिक्षा मन्त्रालयसम्म उजुरी बढ्न थालेपछि सरकारले बढी शुल्क नलिन निजी विद्यालयलाई सचेत गराएको छ ।

शिक्षा मन्त्रालयले स्थानीय तहलाई परिपत्र जारी गर्दै बढी शुल्क नलिन सचेत गराएको हो । मन्त्रालयका प्रवक्ता तथा सहसचिव शिवकुमार सापकोटाले जथाभाबी शुल्क नलिन आइतबार विज्ञप्ति जारी गरेर सचेत गराएका छन् । शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गर्ने गरेको सप्रमाण तथ्य बाहिरिएको सम्बन्धमा मन्त्रालयको ध्यानाकर्षण भएको जनाइएको छ ।

सर्वोच्च अदालतले समेत गत साता शैक्षिक सत्र प्रारम्भ भएपछि मात्र विद्यार्थी भर्ना गराउन आदेश दिएको थियो । शिक्षा मन्त्रालयले उक्त आदेश कार्यान्वयन गर्न संस्थागत (निजी) विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशका २०७२ अनुसार मात्र शुल्क लिन निर्देशन दिएको छ । निर्देशिकाले निर्धारण गरेको बाहेक अन्य शुल्क संकलन नगर्ने व्यवस्था मिलाउन सापकोटाले आग्रह गरेका छन् ।

संघीय मामिला मन्त्रालयमार्फत शिक्षा मन्त्रालयले ७५३ वटै स्थानीय तहलाई विद्यालयले अतिरिक्त शुल्क लिए कारबाही गर्न परिपत्र गरेको छ । उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ (हिसान) का अध्यक्ष युवराज शर्माले राज्यकै ऐन, कानुनअनुसार शिक्षण संस्था सञ्चालन गर्दा पनि राज्यले फरक ढंगबाट हेर्ने गरेको गुनासो गरे । 'स्थानीय तहबाट स्वीकृत गरेर मात्र शुल्क लिने गरेका छौं, १० देखि १५ प्रतिशत छात्रवृत्ति दिएका छौं, निजी विद्यालयले अवैध शुल्क लिन्छन् भनेर आरोप लगाइएको छ,' उनले भने ।

निजी विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ अनुसार निजी विद्यालयले विभिन्न १४ वटा शीर्षकमा शुल्क लिन पाउने व्यवस्था गरेको छ । मासिक पढाइ, वार्षिक, भर्ना, धरौटी, परीक्षा, कम्प्युटर, स्थानान्तरण प्रमाणपत्र, विशेष प्रशिक्षण, आवास, भोजन, परिवहन (यातायात), शैक्षिक भ्रमण, अन्तर विद्यालय प्रतियोगिता सञ्चालन र शैक्षिक सामग्रीका लागि शुल्क लिन पाउने उल्लेख छ । मासिक पढाइ शुल्क १ वर्षमा १२ महिनाभन्दा बढीको लिन नपाउने व्यवस्था छ । निर्देशिकाको शुल्क शीर्षक र मापदण्ड विवरणअनुसार भर्ना शुल्क जुन कक्षामा भर्ना हुने हो सोही कक्षाको स्वीकृत शुल्क एक पटक मात्र लिन पाउनेछ । भर्ना शुल्क १ महिनाको मासिक शुल्कभन्दा बढी लिन पाइने छैन । यी शुल्क सम्बन्धित निकायबाट स्वीकृत गराएर मात्र लिन पाउनेछ ।

विद्यालयले सम्बन्धित स्थानीय तहबाट शुल्क स्वीकृत गराउनुपर्ने व्यवस्था छ । वार्षिक शुल्क ३ महिनाको स्वीकृत मासिक शुल्क बराबर मात्र लिन पाइने निर्देशिकामा उल्लेख छ । यो शुल्कको रकम खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, पुस्तकालय, भवनलगायत भौतिक मर्मत र प्राथमिक उपचारमा खर्च गर्नुपर्नेछ । निर्देशिकाले परीक्षा र शैक्षिक सामग्री शुल्कका विषयमा पनि मापदण्ड तोकेको छ । 'परीक्षा शुल्क प्रत्येक कक्षाका लागि स्वीकृत मासिक पढाइ शुल्कको ५० प्रतिशतभन्दा बढी लिन पाइने छैन, परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाणपत्र छपाइबापतको खर्चसमेत यसैभित्र समेटनुपर्नेछ,' निर्देशिकामा भनिएको छ, 'शैक्षिक सामग्रीबापत मासिक पढाइ शुल्कको १० प्रतिशत मात्र वर्षमा एक पटक लिन पाइनेछ ।'

निर्देशिकाले विद्यालयको मापदण्ड, खर्च क्षेत्र सीमांकन, शुल्क दरको निर्धारण, शुल्कको अनुमोदन तथा स्वीकृति विधि तोकेको छ । निर्देशिकाले निजी विद्यालयमा आवास (होस्टल), खाजा/खाना र यातायात शुल्क अभिभावक भेलाबाट तोक्नुपर्ने व्यवस्था गरेको छ ।

'आवास व्यवस्थापनको शुल्क निर्धारण गर्दा आवासीय विद्यार्थीको अभिभावक र विद्यालयबीच भएको सहमतिअनुसार हुनेछ । आवासीय विद्यार्थीका अभिभावक भेलाबाट शुल्क पारित गराउनुपर्नेछ । दिवा भोजन तथा खाजा शुल्क सोही सेवा उपभोग गर्ने अभिभावक भेलाले पारित गर्नुपर्नेछ । परिवहन (यातायात) प्रयोग गर्ने विद्यार्थीको शुल्क पनि अभिभावक भेलाको दुईतिहाइ भेलाबाट पारित गर्नुपर्नेछ,' निर्देशिकामा भनिएको छ ।

शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ अनुसार शिक्षा मन्त्रालयले निजी विद्यालयमा शुल्क निर्धारण निर्देशिका १० वर्षअघि लागू गरेको थियो । निर्देशिकाको व्यवस्था उल्लंघन जरिवानादेखि विद्यालयको अनुमतिपत्र रद्द गर्ने र प्रचलित कानुनअनुसार कारबाही गर्ने दण्ड सजायको प्रावधान तोकिएको छ ।

नारायणी यातायात व्यवसायि कम्पनि प्रा.लिको सूचना

सवारी दुर्घटनाबाट बचौं र बचाऔं, ट्राफिक नियमको पालना गरौं

१. हतार गरेर सवारी साधन नचलाउ र हतारमा सडक पार समेत नगरौं ।
२. सवारी साधन चलाउदा मोबाईल्ल फोनको प्रयोग नगरौं । ३. जथाभावि र गलत दिशाबाट ओभर्टेक नगरौं र बाटो नकाटौं ।
४. बाटोको अवस्था अनुसार गति निर्धारण गरौ । ५. सवारी साधन सुरक्षित चलाउ किनकी घरमा परिवार कुरेर बसिरहेका छन् ।
६. ओभर स्पिड र ओभरटेकमा ध्यान दिऔं ।
७. मादक पदार्थ सेवान तथा लागु पदार्थ सेवन गरेर सवारी नचलाऔं ।

साथै नयाँ वर्ष २०८३ को पावन अवसरमा सम्पूर्ण यातायात व्यवसायिहरू हाम्रा ग्राहकहरूलगायत आमनेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।

अध्यक्ष गोकर्ण पराजुली

नारायणी यातायात व्यवासायि कम्पनी प्रा.लि

जिल्ला दररेट अनुसार मजदुरको छैन ज्याला...

पेज १ को बाँकी

दिनको पीडा पनि धेरै छ । जेनिशा भन्छिन् "चित्त्याउँदै पैदलयात्रीलाई आकर्षण गरेर सामान बेच्न सजिलो छैन,

सामानको लागि तोकिएको मुल्य भन्नै परो, महङ्गो भयो भनेर सामन हेरेर जान्छन्, व्यापार भएन भने साँझ साहुँले अध्यारो अनुहार पार्दै पैसा दिन्छन् ।" व्यापारीको चित्त बुझ्ने गरी र उपभोक्तालाई मन पर्ने गरी व्यापारमा आफूले मध्यस्थता गर्नुपरेको उनीहरू बताउँछन् ।

सिर्फ दैनिक ज्यालादारीको रूपमा पाउने पारिश्रमिक पनि जिल्ला दररेट अनुसार छैन । दैनिक ज्यालादारीको लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले तोकेको दर रेट प्रतिदिन दक्ष कामदारको लागि १ हजार २०० र अदक्ष कामदारको लागि ९०० रूपैयाँ छ । तर उनीहरूले पाउने पारिश्रमिक रोजगारदाताको विवेकमा निर्भर छ । प्रशासनले तोकेको न्युनतम पारिश्रमिक उनीहरूले पाउँदैनन् ।

साहुले जति मन लाग्यो उति दिन्छन्, अर्थात आपसी समझदारीमा पारिश्रमिक पाउँछन् उनीहरू । भत्केको संरचनामा अल्झिकेका इट्ट र स्क्रयाबहरू कतिबेला माथिबाट खस्ेर आफ्नो टाउकोमा लाग्ला कि भन्ने डर पनि उत्तिकै छ । दिनभरी उभिएरै सामान बेच्नु पर्छ । उनीहरूलाई खाना र खाजाको व्यवस्था पनि छैन । काम गर्दा गर्दै हुने दुर्घटनाको बीमा पनि छैन ।

"पुराना कार्मचारीलाई र नयाँलाई समान पारिश्रमिक दिन सकिदैन" व्यापारीले आफ्नो र पसलको नाम नबताउने सर्तमा भने "अहिले त जत्तिपनि काम गर्ने मान्छे पाइन्छ, घटाघटमा मान्छे पाइने भएपछि सबैले आफ्नै हित हेर्नैहो ।"

यसरी पसलहरूमा आपसी सम्झौतामा काम गर्ने मजदुरहरूले पाउने पारिश्रमिक तोकिएको दर रेट भन्दा धेरै न्यून हुने गरेको बारे कहि कतै उजुरी समेत हुने गरेको अभ्यास छैन । जसको जोखिम कामदार स्वयमले नै व्यहोर्नुपर्ने हुन्छ ।

पछिल्लो समय हेटौंडा बजार क्षेत्रमा सडक विस्तारका क्रममा सडक विभागले अतिक्रमण गरी बनाइएका संरचना भत्कापछि यस्तो जोखिम झन्नै बढेको छ । भत्काइएका घरहरुको अहिले घर धनीले व्यवस्थापनको काम गरिरहेका छन् । तर त्यहाँ काम गर्ने श्रमिकहरूलाई भने जोखिम देखिएको छ । सडक डिभिजन कार्यालय, स्थानीय सरकार र घरधनीको लापरवाहीका कारण पछिल्लो सातामात्रै ३ जना श्रमिक एकै स्थानमा घाइते भए । मंसिर २४ र २६ गते भएका घटनामा दुई जना श्रमिक घाइते भएका थिए । कार्यस्थलमा न्यूनतम सुरक्षा मापदण्ड नअपनाउँदा श्रमिकहरूको ज्यान जोखिममा परेको हो ।

हाल सडक विस्तारको क्रममा डोजर चलाएर अलपत्र छाडिएका संरचना पन्छाउने जिम्मा पाएका श्रमिकहरूले हेल्मेट र सेफ्टी बेल्ट नलगाइ काम गर्छन । सुरक्षा सामग्री विना नै जोखिमपूर्ण काम गर्न उनीहरू बाध्य छन् भने पछिल्लो समय हेटौंडाका सडक छेउका घरहरू भत्काउने र पन्छाउने कामको स्थानीय प्रशासन र हेटौंडा उपमहानगरपालिकाले समेत निगरानी गरेको देखिँदैन ।

जीर्ण र भत्किएका घर भत्काउँदा घाइते भएका पर्साका लारित यादव अहिले अस्पतालको शैयामा छटपटाइरहेका छन् । एक हजार १०० रूपैयाँ ज्याला पाउने उनले बिरामी पर्दा उपचार र बीमाको कुनै सुविधा पाएका छैनन् । मंसिर २६ गते बुद्धचोकमा असुरक्षित तवरले घरको भग्नावशेष पन्छाउने क्रममा छतसँगै खसेका उनको ढाडको हड्डी माँचिएको छ ।

अहिले उनी सन्चो हस्पिटलको आईसीयूमा उपचाररत छन् । दैनिक ज्यालाको बाटो मात्रै बन्द भएन, अबका दिनमा यही शरिरले काम गर्न साथ दिन्छ कि दिदैन भन्ने पीडाले पनि पोलिरहेको छ । बुद्धचोकका घरधनी अनिल श्रेष्ठले मौखिक सम्झौतामा श्रमिक खटाए तर दुर्घटनापछि त्यसबारेमा कुनै जिम्मेवारी लिएका छैनन् ।

हेटौंडा १ मा घर भत्काउँदा सन्तोष म्लोन, दिनेश चौधरी र अरूण चौधरी घाइते भए । गत मंसिर २४ गते बुद्धचोकमा १९ वर्षीय जितेन्द्र माझी दुई तला माथिबाट खसे । लगातार एकपछि अर्को दुर्घटना हुँदा पनि सडक डिभिजन र स्थानीय प्रहरी प्रशासनले कार्यस्थलको सुरक्षा अनुगमनमा चासो देखाएको छैन । सडकमै यत्रतत्र छरिएका भत्किएका घरबाट निस्किएका रड र इँटाले बटुवालाई समेत जोखिममा पारेको छ ।

हालसम्म लोरितको उपचारमा करिब ४ लाख रूपैयाँ उपचार खर्च भइसकेको छ । दैनिक ज्यालादारी गरेर जीविका चलाउने उनको परिवार उक्त खर्च उठाउन सक्ने अवस्थामा छैन । मजदुर को पारिश्रमिक, बीमा, सुरक्षा लगायतको सवालमा सम्बन्धित पक्षहरू नै जिम्मेवार हुनुपर्ने प्रशासनको दाबि छ । "हामीले कामदारको दररेट तोकेका छौ, सुरक्षाको लागि अपिल गरेका छौ, जोखिममा व्यापार नगर्नको लागि सार्वजनिक रूपमै विज्ञप्ति प्रकाशन गरेका छौं, यति हुँदा पनि आपासी सम्झौतामा जोखिम मोल्नेलाई हामीले दुर्घटनपछि कानूनी कारवाही गर्नुको विकल्प छैन" प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले भने ।

समान काममा असमान पारिश्रमिकको विरूद्धमा भने मजदुर अधिकारकर्मीहरूले नियमित दबाब दिइरहदा पनि सुनुवाइ नभएको मजदुर नेतृ बिमला तामाङले बताइन् । "हामीले विभिन्न सभा सम्मेलनमा समान कामको समान ज्यालाको लागि माग र दबाब दिंदै आएका छौ, तर सम्बन्धित तहबाट सुनुवाइ नै भएको छैन" उनले भनिन् । समान काममा असमान पारिश्रमिक पाउने मात्रै चुनौति हैन महिलालाई फिल्डको काममा झन्नै जोखिम छ भन्छिन तामाङ ।

सडक डिभिजन कार्यालय हेटौंडाले सडक विस्तारको लागि जारी गरेको १५ दिने सूचनाको समय मंसिर १९ गते शुक्रबार सकिएपछि २० गते शनिबारबाट सडक विस्तारको कार्य सुरू गरेको थियो । स्थानीय प्रशासनको सहयोगमा सुरक्षाकर्मी परिचालन गरेर सडक डिभिजन हेटौंडाले रेखाङ्कनमित्र परेका ५३१ वटा संरचना भत्काउन करिब ७ सय सुरक्षाकर्मी फिल्डमा खटाएर क्रिस्मिसो बिहानीमै ४ स्थानबाट डोर चलाइएको थियो । मुआब्जा र क्षतिपूर्ति माग्दै सडक विस्तार हुने क्षेत्रका घरधनी र व्यवसायीहरू आन्दोलित भएका थिए, तर अदालतले अझैसम्म अन्तिम फैसला नदिएपछि हेटौंडा बजार अस्तव्यस्त छ ।

व्यक्तिगत घटना सम्बन्धी जानकारी

- प्रत्येक व्यक्तिको जन्म, मृत्यु विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ लगायतका घटना व्यक्तिगत घटना हो ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको वडा कार्यालय वा घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शुल्क वा त्यसपछि बिलम्ब शूल्क तिरी दर्ता गराउन सकिन्छ।
- संघ, प्रदेश वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय वा नेपाल सरकारको स्वामित्वमा रहेका संगठित सस्थाका वहालबाला कर्मचारीले बसाइँ सराइ बाहेक आफू सूचक भएर अन्य व्यक्तिगत घटना दर्ता गर्नुपर्ने भएमा कार्यालयको सिफारिसका आधारमा कार्यालय रहेको स्थानको वडा कार्यालयमा पनि घटना दर्ता गर्न सकिन्छ।
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ लागु हुनु भन्दा अघि घटेका घटना दर्ता गर्न मिल्दैन। यस्ता घटनाको हकमा व्यक्तिले सम्बन्धित वडामा गई वडाध्यक्षबाट घटना प्रमाणित गराउन सक्दछन्।
- सबै प्रकारका व्यक्तिगत घटना दर्ता गर्न सूचक आधिकारिक र जिम्मेवार हुनुपर्ने भएकाले सूचकको स्पष्ट परिचय, उमेर र प्रमाणका रुपमा नागरिकता आवश्यक पर्छ।
- व्यक्तिगत घटना दर्ताको अभिलेख फेला नपरेको वा नष्ट भएको अवस्थामा सो घटना दर्ताको सूचना फाराम वा प्रमाणपत्र अन्यत्र कुनै निकायमा रहेमा सो को आधारमा अभिलेख खडा गरी प्रतिलिपि जारी गर्न सकिन्छ । वा सूचना फाराम, प्रमाणपत्र वा अन्य कुनै प्रमाण प्राप्त नभएमा व्यक्तिगत घटना दर्ताको नयाँ सूचना फाराम भर्न लगाई सूचना फाराममा सूचकलाई सनाखत गर्न लगाई सो को आधारमा अभिलेख खडा गरी प्रमाणपत्र जारी गर्न सकिन्छ।
- सबै प्रकारका व्यक्तिगत घटना दर्ता गराउँदा व्यक्तिलाई सूचना फाराम भर्न लगाउने, आवश्यक कागजपत्र माग गरी रुजु गर्ने, नियमानुसार घटना दर्ता गर्ने, अभिलेख राख्ने तथा प्रमाणपत्र जारी गर्ने दायित्व स्थानीय तह तथा वडा कार्यालयको हुन्छ।स्थानीय तहले घटना दर्ताको महत्व, प्रक्रिया र विलम्ब शुल्कबारे पनि नागरिकलाई जानकारी गराउनु पर्छ ।
- व्यक्तिगत घटना दर्ता गर्ने व्यक्ति वा सूचकले सूचना फाराममा दिईएको विवरण सही रुपमा भर्ने, आवश्यक कागजपत्र पेश गर्ने, ३५ दिनभित्रै घटना दर्ता गराउने र प्राप्त प्रमाणपत्रमा भएका विवरण सही रुपमा जाँच गरेर मात्र प्रमाणपत्र बुझ्ने जस्ता कार्य व्यक्तिको कर्तव्य अन्तर्गत पर्दछन्।
- कुनै पनि व्यक्तिले झुट्टा विवरण पेश गरी दर्ताको प्रमाणपत्र लिएको पाईएमा वा प्रमाणित भएमा सजाय हुने व्यवस्था छ ।
- नेपालमा रहेका विदेशी नागरिकले नेपालमा घटेका व्यक्तिगत घटना दर्ता गर्नु परेमा राहदानी वा राष्ट्रियता खुल्ने कागजात लगायत व्यक्तिगत घटना दर्ताका लागि आवश्यक अन्य कागज सहित आफू बसोबास गरेको स्थानमा घटना दर्ता गर्न सक्छन् । नेपालमा कुटनीतिक नियोग भएका मुलुकको नागरिक भए त्यस्तो नियोगको सिफारिस समेत आवश्यक पर्दछ ।
- कुनै व्यक्तिको घटना दर्ता गर्दा पात्रोमा सो महिनामा नभएको दिन राखि घटना दर्ता भएको छ भने उक्त महिनाको अन्तिम दिन राखि प्रतिलिपि जारी गर्न सकिन्छ ।
- विदेशमा रहेको नेपाली नागरिकहरुले व्यक्तिगत घटनाहरु मध्ये जन्म तथा मृत्यु दर्ता सम्बन्धित देशको नेपाली राजदुतावासमा गर्न सकिने कानूनी व्यवस्था छ । हाल कानूनमा तोकिएको १९ वटा देशमा रहेको नेपाली राजदुतावासबाट यो सेवा लिन सकिन्छ

४ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका हेटौंडा मकवानपुर

डढेलोबाट जोगिऔं र जोगाऔं

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, डढेलोबाट जोगिन,
- जथाभावीरूपमा वन तथा जंगल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

डिभिजन वन कार्यालय

मकवानपुर हेटौंडा

७ महिनापछि बस्यो प्रदेश सभा बैठक



○ सहीखबर संवाददाता

मकवानपुर । नवयुवा आन्दोलनको ७ महिनापछि पहिलो पटक बागमती प्रदेशसभाको बैठक बसेको छ। आन्दोलनका क्रममा प्रदेशसभा भवनमा आगजनी भएपछि वैकल्पिक स्थानमा बैठक सञ्चालन गरिएको हो।

हेटौंडा ३ स्थित हेटौंडा उपमहानगरपालिकाको सभाहलमा बसेको बैठकले बागमती प्रदेशसभाको बजेट अधिवेशन औपचारिक रुपमा सुरू भएको छ। आइतबार बसेको मन्त्रिपरिषद् बैठकले चैत २४ गते मंगलबार दिउँसो ४ बजेका लागि प्रदेशसभा बैठक आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गरेको थियो। बैठकमा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, प्रमुख प्रतिपक्ष दलका नेता शालिकराम जम्मकटेल तथा नेकपा एमालेका संसदीय दलका नेता जगन्नाथ थपलियालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

आन्दोलनका क्रममा हेटौंडा १० स्थित प्रदेशसभा भवनमा आगजनी गरिएको थियो।

सरकारले प्रादेशिक संरचनाका लागि आवश्यक जग्गा व्यवस्थापनपछि एकीकृत रुपमा भवन निर्माण गर्ने तयारी गरेको जनाएको छ। सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङका अनुसार चालु आर्थिक वर्षभित्रै प्रदेशसभाका भवनसहित प्रादेशिक संरचना निर्माण प्रक्रिया अगाडि बढाइनेछ।

यसैबीच, अधिवेशन सुरू भएको दुई हप्ताभित्र सभामुख चयन गरिने जानकारी पनि सरकारले दिएको छ। सत्तारूढ दलबीच सभामुख चयनका विषयमा सहमति भइसकेको छैन। नवयुवा आन्दोलनपछि तत्कालीन सभामुख भुवन पाठकले राजीनामा दिएसँगै उक्त पद रिक्त छ। कांग्रेसभित्रको आन्तरिक विवादपछि इन्द्रबहादुर बानियाँ मुख्यमन्त्री बनेपछिको यो पहिलो प्रदेशसभा बैठक हो, जसलाई आगामी राजनीतिक दिशा निर्धारणका लागि महत्वपूर्ण रुपमा हेरिएको छ।

बागमती उवासंघको अध्यक्षमा श्रेष्ठ निर्वाचित





उपाध्यक्षतर्फ जिल्ला/नगर मा मउवाणिज्य संघका निवर्तमान अध्यक्ष गुप्ता निर्वाचित

मकवानपुर । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अध्यक्षमा वेदबहादुर श्रेष्ठ निर्वाचित भएका छन् ।

हेटौंडामा मंगलबार भएको निर्वाचनमा दुर्गाराज श्रेष्ठलाई पराजित गर्दै वेदबहादुर अध्यक्ष निर्वाचित भएका हुन् । सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष वेदबहादुरले ६१ दशमलव ०५ प्रतिशत मत प्राप्त गरी निर्वाचित हुँदा दुर्गाराजले ३८ दशमलव ९५ प्रतिशत मत प्राप्त गरेका थिए । निर्वाचनमा वस्तुगत, एसोसिएट र जिल्ला/नगर गरी २१७ मत खसेको थियो ।

उपाध्यक्षतर्फ जिल्ला/नगरमा मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्णकुमार गुप्ता विजयी भएका छन् । एसोसिएट उपाध्यक्षतर्फ कृष्णभक्त श्रेष्ठ सर्वसम्मत निर्वाचित भएका थिए । वस्तुगत उपाध्यक्षतर्फ प्रेमहरि मैनाली १४ मतसहित निर्वाचित भएका थिए ।

कोषाध्यक्षमा धादिङ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष रूद्रबहादुर खत्री ९७ मतसहित विजयी भएका थिए । कार्यकारिणी सदस्यमा जिल्ला/नगरतर्फ कृष्णमुरारी न्यौपाने (भक्तपुर), जयप्रकाश श्रेष्ठ (रामेछाप), राजकुमार कँडेल (चितवन), राजन कार्की (काभ्रेपलाञ्चोक) र सनत थापा (दोलखा) सर्वसम्मत निर्वाचित भएका थिए । एसोसिएटतर्फ कार्यकारिणी सदस्यमा उत्तम शर्मा ढकाल (मकवानपुर) र नविन्द्र देव सिं निर्वाचित भएका थिए भने कार्यकारिणी सदस्यमै वस्तुगततर्फ ज्योतिरत्न बज्राचार्य (मकवानपुर) र सादिश श्रेष्ठ निर्वाचित भए ।

पानीका स्रोतको संरक्षण गरौ

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड

क्षयरोगबाट बचौं र बचाऔं

- खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड